# TNReady हुनको लागि अभिभावक (आमाबुवा) लाई जानकारी

## 2016-17 विद्यालय वर्षका लागि तपाईंका विद्यार्थीहरूलाई सहायता गर्ने

*(यो पत्र डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 3 मा फेला पार्न सकिन्छ।)*

**आदरणीय आमाबुवाहरू,**
मैले 2015 मा कार्यालय समालेदेखि **10,000 भन्दा धेरै शिक्षक, विद्यार्थी र आमाबुवाहरूसँग** गरेको कुराकानीहरूमा मैले बुझेको तथा अत्याधिक प्रतिक्रिया प्राप्त गरेको विषय परीक्षण रहेको छ। आमा, शिक्षक, र नीति निर्माणकर्ताको रूपमा मैले मूल्याङ्कनको साथसाथै कक्षाकोठामा हुने बलियो शिक्षण र अध्ययनमा हाम्रो ध्यान सुनिश्चित रहिरहनु पर्ने आवश्यकता तथा लाभहरू बुझेकीछु। सबै परिप्रेक्ष्यहरू ध्यानमा राखी म टेनेसी (Tennessee) मा मूल्याङ्कनको तरीकामा हाम्रो दृष्टिकोणमा सुधार ल्याउन कार्यरत छु।

राज्यको स्तरमा, विद्यार्थी, विद्यालय र जिल्लाहरूले कस्तो काम गरीरहेकोछ जाज्न हामी टेनेसी व्यापक मूल्याङ्कन कार्यक्रम (TCAP) मार्फत कार्यसम्पादनको तरिका हेर्नमा निर्भर छौं। जसमा गणित, अङ्ग्रेजी भाषा कला, सामाजिक अध्ययन र विज्ञानका लागि TNReady मूल्याङ्कनहरू समावेश छन्। टेनेसी का शिक्षकहरूले सबै विद्यार्थीहरूलाई तिनीहरूका आवश्यकता अनुसारका ज्ञान तथा सीपहरूमा समर्थ बनाउनका लागि कार्य गर्छन, अनी हामीले विद्यार्थीहरूको सिकाइमा कुनै मुख्य अन्तर पहिचान गर्न तथा भिन्न विद्यालयहरूमा विकासका विविधताहरू फेला पार्न सक्छौ भन्ने कुरा सुनिश्चित गर्नुपर्छ - जसबाट हामीले यसको आवश्यकता पर्ने ठाउँहरूमा बलियो सहायता गर्न तथा विशिष्ट मानिसहरूबाट सिक्न सक्छौं। **TNReady ले शिक्षक तथा आमाबुवाहरूलाई विद्यार्थीहरूले कसरी प्रगति गर्दैछन् र तिनीहरूले आफ्ना शैक्षिक विकासमा कसरी सहायता गर्न सक्छन् भन्ने कुरालाई अझ राम्रोरूपमा बुझाउनको लागि अनुपम प्रतिक्रिया लुप तथा ठूलो-तस्वीरको स्वरूप उपलब्ध गराउँछ तर यो सम्झिन महत्त्वपूर्ण छ कि वार्षिक मूल्याङ्कनका परिणामहरू एउटा झझल्को मात्र हुन्।** उनी हरूले कहिल्यै पनि कुराकानीलाई दबाउनु हुँदैन।

हामीले 2015-16 विद्यालय वर्षमा TNReady सँगको हाम्रो अनुभवबाट धेरै कुराहरू सिक्यौं। प्रतिनिधिको रूपमा, म दुवै अझ उत्कृष्ट जाँचहरू सिर्जना गर्नमा समर्पित छु त्यसैले परिणामहरू मद्दतपूर्ण छन् यद्यपि मैले जाँचको संरचना, समय, हस्तान्तरण तथा तालिका निर्माणमा सुधार गर्नको लागि अवसरहरूपनि खोजिरहेको छु। हामीले यस कार्यमा तत्कालै कदम चाल्नेछौं, जसलाई तपाईंले यो सहयोगी पत्रमा देख्नुहुनेछ। समग्रमा, हाम्रो राज्य जाँच 2015-16 को भन्दा लगभग **30 प्रतिशत छोटो** छ, जुन औसत तेस्रो कक्षाको लागि लगभग साढे तीन घण्टा कम छ। हामीले **अनलाइन मूल्याङ्कनहरू भित्रपनि योजना बनाउँदै** छौं, त्यसैले यस वर्ष 3-8 ग्रेडका विद्यार्थीहरूले त्यस्ता जिल्लाहरूबाट कागजमा TNReady दिनेछन् जोसँग आफ्ना हाइ स्कूलका विद्यार्थीहरूलाई अनलाइनबाट जाँच लिने विकल्प छ र हाम्रो जाँच बिक्रेता तयारी देखिन्छ। अन्त्यमा, हामीले पहिलेको भन्दा अझ कार्यात्मक नतीजा शिक्षक तथा आमाबुवाहरूलाई उपलब्ध गराउन काम गर्दैछौं, अर्को केही वर्षमा राम्रो जानकारी छिटो उपलब्ध गराउन पनी कदम चाल्दैछौ।

हाम्रा उद्देश्यहरू उस्तै छन्: **हामीले हाम्रा सबै विद्यार्थीमा आलोचनात्मक सोचाइ,लेखाइ तथा समस्या समाधान गर्ने सहितका वास्तविक संसारका सीपहरू विकास गराउन चाहन्छौं।** हामीले हाम्रा विद्यालयहरूमा परीक्षणको बोझलाई न्यूनिकरण गर्न चाहन्छौं। हामीले आमाबुवा, शिक्षक र विद्यार्थीहरूलाई मद्दत गर्ने जानकारी उपलब्ध गराउन चाहन्छौं। र हामी यो कार्यमा तपाईंहरू प्रत्येकसँग साझेदारको रूपमा अगाडि बढ्न चाहन्छौं, त्यसैले मूल रूपमा हाम्रा विद्यालयहरूले सकारात्मक सिकाइ वातावरणहरूलाई प्रोत्साहन गर्न सक्छन् जुन पूर्ण बाल विकासमा केन्द्रित हुन्छ। हाम्रा प्रत्येक बालबालिकाहरू आफ्नो शैक्षिक यात्राको अर्को चरणका लागि तयार हुनको लागि योग्य छन् र TNReady तिनीहरू अगाडिका उत्कृष्ट अवसरहरूको लागि तयार छन् भनी हामीलाई सुनिश्चित गराउने एउटा तरिका हो।

**तपाईंले हाम्रा विद्यार्थीहरूका लागि प्रत्येक दिन गरेका सबै कार्यहरूका लागि धन्यवाद,**

Dr. Candice McQueen
टेनेसी को शिक्षा प्रतिनिधि

# बारम्बार सोधिने प्रश्नहरू

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 1 मा फेला पार्न सकिन्छ ।)*

## यो जानकारीले मलाई विद्यालय वर्षका लागि मेरो परिवारलाई तयार बनाउन कसरी मद्दत गर्नेछ?

निम्न पृष्ठहरूमा तपाईंले आफ्ना विद्यार्थीहरू TNReady मा कहिले सहभागी हुने, उनीहरूले परीक्षणमा कहिलेसम्म समय बिताउने, परीक्षणमा कस्ता प्रकारका प्रश्नहरू हुन्छन् साथै थप कुराहरूको बारेमा विवरणहरू पाउनुहुनेछ । हाम्रो लक्ष्य भनेको तपाईंलाई आफ्नो विद्यार्थीलाई प्रत्येक दिन सिकाउन र सफल बनाउनको लागि तयारी गर्नमा मद्दत गर्ने हो । तपाईंले यो सहयोगी  पत्र पढिसकेपछि तपाईंसँग थप प्रश्नहरू छन् भने कृपया आफ्नो विद्यार्थीको शिक्षकसँग कुरा गर्नुहोस् वा **TNReady.gov हेर्नुहोस् ।**

## हामीले राज्य परिक्षाहरू किन गर्नुपर्छ?

प्रत्येक टेनेसी कक्षाकोठामा शिक्षण र अध्ययन विद्यालय तथा शिक्षकहरूको रोजाइका पाठ्यपुस्तक, पाठयक्रम र पाठहरूका आधारमा भिन्न देखिन्छ । राज्यका नेताहरूमा ती विविध सिकाइका अवसरहरू कलेज, वृत्ति र जीवनका लागि सबै विद्यार्थीहरूलाई तयार गरिएको छ भनी सुनिश्चित गर्ने उत्तरदायित्व हुन्छ ।

हाम्रा राज्य परिक्षाहरूले बहु उद्देश्यहरूलाई समेटछ:

- विद्यार्थीहरूको शैक्षिक प्रगति तथा यो कसरी ग्रेड-स्तरको अपेक्षाहरूमा संलग्न हुन्छ भन्ने बारेमा प्रतिक्रिया उपलब्ध गराउनुहोस्
- विद्यार्थीहरूको सवलता र विकासका अवसरहरू सहित जिल्ला र राज्यका उनीहरूका साथीहरूसँगको तुलनामा विद्यार्थीले कसरी प्रगति गरिरहेको छ भन्ने कुराको बारेमा आमाबुवा तथा शिक्षकहरूहरूलाई एउटा ठूलो-तस्वीरको स्वरूप दिन्छ
- विद्यार्थीहरूको पोस्ट-सेकेण्डरी तथा  जनशक्तिको लागि तयारी बारेमा टेनेसी का कलेज, विश्वविद्यालय तथा रोजगारदाताहरू बीच आत्मविश्वास तथा पारदर्शिता निर्माण गर्छ
- शिक्षकहरूको  निर्देशनलाई बलियो मद्दत गर्न तथा उनीहरूको अभ्यासमा चिन्तन गर्न
- सबै विद्यार्थीहरूलाई निष्पक्ष ढङ्गले सेवा प्रदान गर्नको लागि हामीलाई उत्तरदायी बनाउनुन
- विद्यार्थीहरूले राम्रो गरीरहेको  विद्यालयलाई उजागर गर्न र त्यस्बाट हामीले सिक्न

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 4 मा फेला पार्न सकिन्छ ।)*

## TNReady भनेको के हो?

टेनेसी व्यापक मूल्याङ्कन कार्यक्रम (TCAP) 1988 देखि राज्यको परीक्षण कार्यक्रम हो र यसमा TNReady र अङ्ग्रेजी भाषाका कलाहरू, गणित, सामाजिक अध्ययन र विज्ञानमा राज्यका मूल्याङ्कनहरू समावेश छन् ।   विगतका धेरै वर्षहरूमा

राज्य उच्च शैक्षिक मापदण्डहरूमा परिवर्तन भई त्यस्तै गर्न जारी राख्नेछ, हाम्रा परीक्षणहरूमा शिक्षकहरूले आफ्ना कक्षाकोठाहरूमा दैनिक पढाउने कुरालाई उत्कृष्ट रूपमा पंक्तिबद्ध गरिएको छ ।

TNReady आधारभूत मनन गर्ने तथा जाँच लिने सीपहरूका लागि मात्र नभई सही विद्यार्थीको बुझाइलाई मूल्याङ्कन गर्नका लागि डिजाइन गरिएको हो । TNReady ले अङ्ग्रेजी भाषाका कलाहरू, गणित, सामाजिक अध्ययन र विज्ञानमा हाम्रो हालको राज्य मापदण्डहरूबाट विद्यार्थीहरूको **बुझाइ**लाई मापन गर्छ तर यो राज्यको जाँचमात्र भन्दा धेरै हुन्छ । यो हाम्रा विद्यार्थीहरूले के जान्दछन् र हामीले तिनीहरूलाई भविष्यमा सफल बनाउन मद्दत गर्नका लागि के गर्न सक्छौं भनी मूल्याङ्कन गर्ने एउटा तरिका हो । हामीले हाम्रा बालबच्चालाई उनीहरूको वार्षिक जाँचका लागि चिकित्सककहाँ लगेजस्तै TNReady ले सबै विद्यार्थीहरू आफ्नो शैक्षिक यात्राको अर्को चरणमा सफल हुने बाटोमा अगाडि बढिरहेका छन् भन्ने कुरा सुनिश्चित गर्नको लागि आमाबुवा, विद्यार्थी तथा शिक्षकहरूलाई प्रत्येक वर्ष शैक्षिक जाँचको प्रस्ताव गर्छ ।

## TNReady किन चाहिन्छ?

- कलेज र कार्य अपेक्षाहरूका लाइनका सीपहरू विकास गर्न
- विद्यार्थीहरूलाई उनीहरूले नयाँ तरिकाबाट जानेका कुराहरू देखाउन अवसर दिन
- शिक्षक तथा आमाबुवाहरूलाई उत्कृष्ट जानकारी उपलब्ध गराउन
- बास्तबीक संसारका समास्याहरूको समाधानलाई प्रोत्साहन गर्न

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 5 मा फेला पार्न सकिन्छ ।)*

## TCAP परीक्षणको भागको रूपमा के-कस्ता जाँचहरू समावेश गरिएका छन्?

TNReady

- ग्रेड 3-8 का विद्यार्थीहरूले प्रत्येक वर्ष यी विषयका परीक्षाहरू दिन्छन्:
  - अंग्रेजी भाषा कला
  - गणित
  - सामाजिक अध्ययन
  - विज्ञान
- हाई स्कूलका विद्यार्थीहरूले निम्नलिखित End of Course (EOC) परीक्षाहरू दिन्छन्:
  - अंग्रेजी I
  - अंग्रेजी II
  - अंग्रेजी III
  - बीजगणित I वा अनिवार्य गणित I
  - ज्यामिति वा अनिवार्य गणित II
  - बीजगणित II वा अनिवार्य गणित III
  - संयुक्त राज्य इतिहास तथा भूगोलशास्त्र
  - रसायनशास्त्र
  - जीवशास्त्र
- **अङ्ग्रेजी शिक्षार्थीहरूलाई राज्यका मूल्याङ्कनहरूमा सहभागी हुन आवश्यक पर्छ । संयुक्त राज्य विद्यालयको आफ्नो पहिलो वर्षमा अध्ययनरत विद्यार्थीलाई सहभागी हुन आवश्यक पर्दैन । परीक्षण निवासस्थानहरू जुन प्रत्यक्ष सेवामा भएको, सेवाबाट बाहिरिएको वा चौथो वर्षको उत्तरगामी अवधिमा ESL कार्यक्रमबाट बाहिरिएको परिवर्तनलाई विचार गरिएको ELs का लागि पनि उपलब्ध छ ।*

असक्षमता भएका विद्यार्थीहरूका मूल्याङ्कनहरू

एकदमै महत्त्वपूर्ण संज्ञानात्मक असक्षमता भएका ग्रेड 3-11 का विद्यार्थीहरू सबै चारवटा विषयवस्तुका क्षेत्रहरू(ELA गणित, विज्ञान तथा सामाजिक अध्ययन) मा वैकल्पिक मूल्याङ्कनका लागि योग्य रहन्छ ।

- ऐच्छिक दोस्रो ग्रेडको मूल्याङ्कन दिने जिल्लाका दोस्रो ग्रेडका विद्यार्थीहरूका लागि, विद्यार्थीहरूले गणित र अङ्ग्रेजी भाषा कलामा दोस्रो ग्रेडका लागि वैकल्पिक मूल्याङ्कन दिन्छन् ।
- ग्रेड 3-8 का लागि, विद्यार्थीहरूले अङ्ग्रेजी भाषा कला तथा गणितमा बहु राज्य वैकल्पिक मूल्याङ्कन (MSAA) दिन्छन्
- ग्रेड 3-8 का लागि, विद्यार्थीहरूले सामाजिक अध्ययनको TCAP वैकल्पिक दिन्छन्
- ग्रेड 11 का लागि, विद्यार्थीहरूले अङ्ग्रेजी भाषा कला तथा गणितमा बहु राज्य वैकल्पिक  मूल्याङ्कन (MSAA) दिन्छन्
- ग्रेड 10 को विज्ञानका लागि, विद्यार्थीहरूले विज्ञानको TCAP वैकल्पिक दिन्छन् ।

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 6 मा फेला पार्न सकिन्छ ।)*

समग्रमा, **विद्यार्थीहरूले यस वर्ष राज्यका जाँचहरूमा कम समय बिताउनेछन् ।**  यसको अतिरिक्त परीक्षण सञ्चालन तथा समय तालिका निर्धारणलाई सुधार गरिनेछ ।  भाग I र भाग II को सट्टामा जाँच विद्यालय वर्षको अन्त्यमा एकल व्यवस्था सन्झ्यालमा लिइनेछ । समग्र विद्यालय वातावरणको असरलाई न्यूनीकरण गर्नका लागि यो सन्झ्याल पछिल्लो वर्षको भाग II सन्झ्यालभन्दा **एक हप्ता छोटो** हुनेछ ।  र लामो उप-जाँचहरूको सट्टामा विद्यार्थीहरूले छोटा उप-भागहरूको श्रृङ्खलामा जाँच दिनेछन् जुन प्राय: पर्याप्त मात्रामा सानो हुन्छ- सामान्य विद्यालय दिनहरूमा फिट हुनका लागि कहिलेकाहीँ 30 मिनेटभन्दा पनि छोटो हुन्छ । विभागले टेनेसीमा परीक्षणलाई निरन्तर रूपमा सुधार गर्न खोज्ने हुनाले यी परिवर्तनहरूले हामीलाई अगाडि बढाउँछन् ।

## 2016-17 वर्षका लागि जाँच गरिएका विषयहरू

TNReady गणित मूल्याङ्कनले विद्यार्थीहरूलाई केही बहु चरणका समस्याहरू समाधान गर्न लगाउनेछ तथा उनीहरूको समस्या समाधान गर्ने सीपहरू खोज्नेछ ।  यससँग दुवै क्याल्कुलेटरको अनुमति दिइएको तथा क्याल्कुलेटर निषेध गरिएको सेक्सनहरू छन् ।

TNReady अङ्ग्रेजी भाषा कला मूल्याङ्कनले अझैपनि लेखनलाई समावेश गर्छ यसले विगतका केही वर्षहरूमा लेखनलाई समावेश गरेको छैन तर यसलाई विद्यार्थीहरूका सहनशक्तिका सरोकारहरू सम्बोधन गर्न मद्दत गर्नका लागि छोटो तथा थप प्रबन्धनीय  उप-भागहरूमा विभाजन गरिएको छ । यो मूल्याङ्कनले विद्यार्थीहरूलाई तिनीहरूले जाँचमा पढ्ने प्यासेजहरूबाट प्रमाण सहित आफ्ना जवाफहरूमा समर्थन गर्न अनुरोध गर्छ ।

यस वर्षको सामाजिक अध्ययनको TNReady मूल्याङ्कन 3-8 ग्रेडहरूको एउटा विधाको जाँच हो — जसको अर्थ हो यसलाई शिक्षकका मूल्याङ्कनहरू भित्र ग्रेड वा तत्त्वका लागि अङ्क दिइनेछैन भन्ने हुन्छ तर यसले विभागलाई भविष्यका मूल्याङ्कनहरू विकास गर्न मद्दत गर्छ ।  यसमा बहु प्रकारका प्रश्नहरू समावेश हुन्छन् ।  संयुक्त राज्य र भूगोलशास्त्र सञ्चालनात्मक End of Course मूल्याङ्कन हो- त्यसैले  परिणामहरू आमाबुवा, विद्यार्थी तथा शिक्षकहरूका लागि उपलब्ध छन् ।

3–11 ग्रेडहरूका TNReady विज्ञान मूल्याङ्कनहरू पछिल्लो वर्षसँग एकदमै मिल्ने खालका हुनेछन् । यो बहु रोजाइको जाँच हुने बेला विभागले विद्यार्थीलाई के थाहा छ तथा के गर्न सक्षम छन् भन्ने कुरालाई उत्कृष्ट रूपमा क्याप्चर गर्नको लागि भविष्यका वर्षहरूमा जाँचको पुन: डिजाइन गर्ने योजनाहरू बनाउँछ ।

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 7 मा फेला पार्न सकिन्छ ।)*

## जाँचमा मेरो बच्चाले कति समय बिताउने छ?

सामान्यतया विद्यार्थीहरूले 2015-16 मा 3-8 ग्रेडहरूमा भन्दा राज्य जाँचहरूमा लगभग 30% कम समय बिताउने छन्, 3-8 ग्रेडहरूमा, ग्रेड अनुसार TNReady 200-201 मिनेटले छोटो बनाइएको छ। अधिकांश End of Course मूल्याङ्कनहरू 40-120 मिनेटले घटाइएको छ; End of Course जाँचहरूमा मात्र परिवर्तन नभएका विषयहरू जीवविज्ञान र रसायन विज्ञान हुन् जुन जाँचहरू पहिले नै छोटो छन्। निम्नलिखित पृष्ठमा रहेका चित्रपटले यो वर्ष विद्यार्थीहरूले आफ्नो राज्य मूल्याङ्कन लिँदा कति समय लगाउँछन र 2015-16 जाँचबाट कति समय घटाइएको छ भन्ने कुरालाई देखाउँछ।

यद्यपि जिल्ला तथा विद्यालयहरूले राज्यमा आवश्यक पर्ने अतिरिक्त जाँचहरू थप्न सक्छन्, राज्य जाँचहरूमा विद्यार्थीले बिताउने समयको जम्मा अवधि विद्यालय वर्षको 1% भन्दा कम हुन्छ।

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 8 मा फेला पार्न सकिन्छ)*

# <u>2016-17 जाँच गर्ने समय चित्रपट</u>

| ग्रेड | अंग्रेजी भाषा कला | गणित | विज्ञान | सामाजिक शिक्षा |
|---|---|---|---|---|
| ग्रेड 2 | ***ऐच्छिक:***<br>जिल्ला रोजाइ*<br>उपभाग 1: 40 मिनेट<br>उपभाग 2: 40 मिनेट<br>उपभाग 3: 42 मिनेट<br>उपभाग 4: 40 मिनेट<br>जम्मा: 162 मिनेट | ***ऐच्छिक:***<br>जिल्ला रोजाइ*<br>उपभाग 1: 40 मिनेट<br>उपभाग 2: 42 मिनेट<br>जम्मा: 82 मिनेट | | |
| ग्रेड 3 | उपभाग 1: 75 मिनेट (लेखाइ)<br>उपभाग 2: 35 मिनेट<br>उपभाग 3: 35 मिनेट<br>उपभाग 4: 50 मिनेट<br>जम्मा: 195 मिनेट<br>95 मिनेट कटौती | उपभाग 1: 45 मिनेट<br>(क्याल्कुलेटरको प्रयोग छैन)<br>उपभाग 2: 30 मिनेट<br>उपभाग 3: 40 मिनेट<br>जम्मा: 115 मिनेट<br>20 मिनेट कटौती | उपभाग 1: 53 मिनेट<br>उपभाग 2: 51 मिनेट<br>जम्मा: 104 मिनेट<br>कुनै परिवर्तन छैन | कार्यक्षेत्र जाँच: 50 मिनेट<br>जम्मा: 50 मिनेट |
| ग्रेड 4 | उपभाग 1: 75 मिनेट (लेखाइ)<br>उपभाग 2: 35 मिनेट<br>उपभाग 3: 35 मिनेट<br>उपभाग 4: 50 मिनेट<br>जम्मा: 195 मिनेट<br>95 मिनेट कटौती | उपभाग 1: 45 मिनेट<br>(क्याल्कुलेटरको प्रयोग छैन)<br>उपभाग 2: 30 मिनेट<br>उपभाग 3: 40 मिनेट<br>जम्मा: 115 मिनेट<br>20 मिनेट कटौती | उपभाग 1: 48 मिनेट<br>उपभाग 2: 47 मिनेट<br>जम्मा: 95 मिनेट<br>कुनै परिवर्तन छैन | कार्यक्षेत्र जाँच: 50 मिनेट<br>जम्मा: 50 मिनेट |
| ग्रेड 5 | उपभाग 1: 75 मिनेट (लेखाइ)<br>उपभाग 2: 35 मिनेट<br>उपभाग 3: 35 मिनेट<br>उपभाग 4: 50 मिनेट<br>जम्मा: 195 मिनेट<br>95 मिनेट कटौती | उपभाग 1: 45 मिनेट<br>(क्याल्कुलेटरको प्रयोग छैन)<br>उपभाग 2: 30 मिनेट<br>उपभाग 3: 40 मिनेट<br>जम्मा: 115 मिनेट<br>20 मिनेट कटौती | उपभाग 1: 48 मिनेट<br>उपभाग 2: 47 मिनेट<br>जम्मा: 95 मिनेट<br>कुनै परिवर्तन छैन | कार्यक्षेत्र जाँच: 50 मिनेट<br>जम्मा: 50 मिनेट |
| ग्रेड 6 | उपभाग 1: 85 मिनेट (लेखाइ)<br>उपभाग 2: 50 मिनेट<br>उपभाग 3: 50 मिनेट<br>उपभाग 4: 45 मिनेट<br>जम्मा: 230 मिनेट<br>90 मिनेट कटौती | उपभाग 1: 40 मिनेट<br>(क्याल्कुलेटरको प्रयोग छैन)<br>उपभाग 2: 30 मिनेट<br>उपभाग 3: 55 मिनेट<br>जम्मा: 125 मिनेट<br>25 मिनेट कटौती | उपभाग 1: 48 मिनेट<br>उपभाग 2: 47 मिनेट<br>जम्मा: 95 मिनेट<br>कुनै परिवर्तन छैन | कार्यक्षेत्र जाँच: 50 मिनेट<br>जम्मा: 50 मिनेट |

| | | | | |
|---|---|---|---|---|
| ग्रेड 7 | उपभाग 1: 85 मिनेट (लेखाइ)<br>उपभाग 2: 50 मिनेट<br>उपभाग 3: 50 मिनेट<br>उपभाग 4: 45 मिनेट<br>जम्मा: 230 मिनेट<br>90 मिनेट कटौती | उपभाग 1: 40 मिनेट<br>(क्याल्कुलेटरको प्रयोग छैन)<br>उपभाग 2: 30 मिनेट<br>उपभाग 3: 55 मिनेट<br>जम्मा: 125 मिनेट<br>25 मिनेट कटौती | उपभाग 1: 48 मिनेट<br>उपभाग 2: 47 मिनेट<br>जम्मा: 95 मिनेट<br>कुनै परिवर्तन छैन | कार्यक्षेत्र जाँच: 50 मिनेट<br>जम्मा: 50 मिनेट |
| ग्रेड 8 | उपभाग 1: 85 मिनेट (लेखाइ)<br>उपभाग 2: 50 मिनेट<br>उपभाग 3: 50 मिनेट<br>उपभाग 4: 45 मिनेट<br>जम्मा: 230 मिनेट<br>90 मिनेट कटौती | उपभाग 1: 40 मिनेट<br>(क्याल्कुलेटरको प्रयोग छैन)<br>उपभाग 2: 30 मिनेट<br>उपभाग 3: 55 मिनेट<br>जम्मा: 125 मिनेट<br>25 मिनेट कटौती | उपभाग 1: 48 मिनेट<br>उपभाग 2: 47 मिनेट<br>जम्मा: 95 मिनेट<br>कुनै परिवर्तन छैन | कार्यक्षेत्र जाँच: 50 मिनेट<br>जम्मा: 50 मिनेट |

*(यसलाई डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 7 मा फेला पार्न सकिन्थ्यो)*

| हाइ स्कूल<br>पाठ्यक्रम अन्त्यमा परीक्षा (End of Course Exam) | गुणा | कटौती |
|---|---|---|
| अङ्ग्रेजी I/II/III | उपभाग 1: 85 मिनेट (लेखाइ)<br>उपभाग 2: 50 मिनेट<br>उपभाग 3: 40 मिनेट<br>उपभाग 4: 45 मिनेट<br>जम्मा: 230 मिनेट | 120 मिनेट कटौती |
| अनिवार्य गणित I/II/III | उपभाग 1: 35 मिनेट (क्याल्कुलेटरको प्रयोग छैन)<br>उपभाग 2: 55 मिनेट<br>उपभाग 3: 55 मिनेट<br>जम्मा: 145 मिनेट | 65 मिनेट कटौती |
| बीजगणित I/II | उपभाग 1: 35 मिनेट (क्याल्कुलेटरको प्रयोग छैन)<br>उपभाग 2: 55 मिनेट<br>उपभाग 3: 55 मिनेट<br>जम्मा: 145 मिनेट | 65 मिनेट कटौती |
| ज्यामिति | उपभाग 1: 35 मिनेट (क्याल्कुलेटरको प्रयोग छैन)<br>उपभाग 2: 55 मिनेट<br>उपभाग 3: 55 मिनेट<br>जम्मा: 145 मिनेट | 65 मिनेट कटौती |
| जीवविज्ञान | उपभाग 1: 75 मिनेट<br>जम्मा: 75 मिनेट | कुनै परिवर्तन छैन |
| रसायनशास्त्र | उपभाग 1: 75 मिनेट<br>जम्मा: 75 मिनेट | कुनै परिवर्तन छैन |
| संयुक्त राज्य इतिहास तथा भूगोल | उपभाग 1: 50 मिनेट (लेखाइ)<br>उपभाग 2: 45 मिनेट<br>उपभाग 3: 45 मिनेट<br>जम्मा: 140 मिनेट | 40 मिनेट कटौती |

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 9 मा फेला पार्न सकिन्छ ।)*

## TNReady मा कस्ता प्रकारका प्रश्नहरू हुनेछन्?

TNReady ले अघिल्ला जाँचहरूले भन्दा ज्ञानको अझ गहिरो स्तरमा परीक्षण गर्छ। उदाहरणको लागि, अङ्ग्रेजी भाषा कलाहरूका विद्यार्थीहरूले अनुच्छेदबाट पढ्नेछन् र तिनीहरूको जवाफहरूलाई समर्थन गर्न केही लिखित प्रतिक्रियाहरू उपलब्ध गराउनेछन्। गणितमा, विद्यार्थीहरूले तिनीहरूले के जान्दछन् भनी देखाउन धेरैजसो क्याल्कुलेटरको प्रयोगबिना बहु-चरणका समस्याहरूको हल गर्नेछन्। TNReady ले विद्यार्थीहरूलाई उनीहरूले जानेका तथा गर्न सक्ने कुराहरू देखाउनको लागि विविध तरिकाहरू दिन्छ।

हामीलाई थाहा छ कि शिक्षकहरूले वर्ष भरी विद्यार्थीको सिकाइलाई मापन गर्न गृहकार्य, प्रोजेक्ट तथा बहु-रोजाइ प्रश्नहरू लेख्ने जस्ता कुराहरूको संयोजनको प्रयोग गर्छन्। यसै अनुरुप, TNReady ले विद्यार्थीहरूले जानेको कुरा देखाउनको लागि उनीहरूलाई विविध प्रकारको तरिकाहरू दिन्छ। निम्नलिखित पृष्ठहरूमा तपाईंले विविध विषय तथा ग्रेडहरूमा TNReady बाट केही नमूना प्रश्नहरू देख्नुहुनेछ। **ठीक जवाफहरूलाई सुन्तला रंगमा संकेत गरिएको छ।**

*(यी प्रश्नहरू डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 9-11 मा फेला पार्न सकिन्छ)*

(प्रश्नहरूलाई अन्तिम संस्करणमा राखिनेछ)

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 11 मा फेला पार्न सकिन्छ।)*

## TNReady को लागि मेरो विद्यार्थीहरूलाई मद्दत गर्न कस्ता प्रकारका अभ्यास उपकरणहरू उपलब्ध छन्?

कक्षाकोठामा प्रत्येक दिन गरिने बलियो निर्देशन नै TNReady को लागि उपयुक्त तयारी हुनेछ, सफलताको लागि विद्यार्थीहरूलाई तयार गर्नको लागि अभिभावक तथा शिक्षकहरूलाई अतिरिक्त उपकरणहरूको आवश्यकता पर्छ भन्ने कुरा हामीलाई थाहा छ। यो वर्ष TNReady का प्रश्नहरू विद्यार्थीहरूले अन्तिम विद्यालय वर्षको लागि तयारी गरेका प्रश्नहरूको स्वरूप जस्तै समान र प्रत्येक दिन कक्षामा विद्यार्थीहरूले सिकिरहेका कुराको मापदण्डहरूसँग समरेखीकरण हुनेछन्।

अभ्यास प्रश्नहरूमा अभिभावकको पहुँच
TNReady अभ्यास प्रश्नहरू आउँदो महिनामा अभिभावक अनलाइनमा उपलब्ध हुनेछन्। थप जानकारीको लागि TNReady.gov हेर्न जारी राख्नुहोस्।

अभ्यास जाँच
अभ्यास जाँचहरूमा शिक्षकहरूको पहुँच हुन्छ जसले प्रत्येक स्तरको लागि उदाहरण प्रश्नहरू उपलब्ध गराउँछ जुन EdTools नामक आन्तरिक प्रणाली मार्फत जाँचमा निर्धारण हुनेछन्। अभ्यास जाँचहरू जाँच गरिएका प्रत्येक ग्रेड तथा विषयहरूमा उपलब्ध हुन्छन्। शिक्षकहरू TNReady को लागि तपाईंको विद्यार्थीलाई तयार बनाउन कक्षामा अभ्यास जाँच प्रयोग गर्न सक्छन्।

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 12 मा फेला पार्न सकिन्छ।)*

## मेरो विद्यार्थीले अनलाइन मार्फत TNReady दिन सक्छ?

टेनेसीले दुबै राज्य तथा स्थानीय तयारीलाई सुनिश्चित गर्न केही वर्षमा अनलाइन प्रबन्धको योजना बनाउनेछ। आउँदो विद्यालय वर्षको लागि, **3–8 ग्रेडहरूको लागि राज्य मूल्याङ्कन कागज तथा पेन्सिल मार्फत प्रबन्ध गरिनेछ।**

विभागले Questar को नजिकै रहेर कार्य गर्नेछ, परीक्षण प्लेटफर्मले विद्यालयहरूमा सफल अनलाइन प्रशासनको प्रारम्भिक प्रमाण देखाउँछ भने स्प्रिङ परीक्षण सन्झ्यालको लागि गणित, अङ्ग्रेजी र संयुक्त राज्य अमेरिकाको इतिहास र भूगोलको हाई स्कूल End of Course परीक्षाहरूको लागि अनलाइन विकल्प उपलब्ध गराउन हामीसँग TNReady को परीक्षण विक्रेता रहन्छन् । यद्यपि, ब्लक कार्यतालिकामा सबै हाई स्कूलहरूले आफ्नो अन्तिम End of Course परीक्षाहरू कागज र पेन्सिल मार्फत प्रबन्ध गर्नेछन् ।

विद्यालयहरूले अनलाइन स्प्रिङ प्रशासनको लागि तयारी प्रदर्शन गर्दा पनि यो वर्ष उनीहरूका हाई स्कूलका विद्यार्थीहरूको लागि कागज र पेन्सिल रोज्ने विकल्प अझै पनि जिल्लाहरूमा हुनेछ ।

जीवविज्ञान र रसायन विज्ञानका परीक्षाहरू कागज तथा पेन्सिल मार्फत प्रबन्ध गरिनेछ । सबैभन्दा महत्त्वपूर्ण संज्ञानात्मक असक्षमताहरू भएका विद्यार्थीहरूको लागि MSAA अनलाइन तथा कागजका विकल्प छन् र TCAP वैकल्पिक मूल्याङ्कनको लागि भने कागज र पेन्सिलको विकल्प मात्र रहन्छ ।

## मैले मेरो हाई स्कूल विद्यार्थीलाई अनलाइनमा जाँच दिनको लागि तयार गर्न सम्भवत: कसरी मद्दत गर्न सक्छु?

उच्च शिक्षा, प्राय: सबै रोजगार र हाम्रो आधुनिक समाजमा कुराकानी गर्न तथा हाम्रो काम पूरा गर्नको लागि हामीले इन्टरनेटको प्रयोग गर्छौं । यो हाम्रो संसारको तरिका हो । हामीले विद्यार्थीहरूलाई उनीहरूको भविष्यको लागि तयार गर्नुपर्छ जुन प्रविधिसँग अनुकूल हुनुपर्छ । त्यसलाई मध्ये नजर राख्दै हाई स्कूलहरूसँग आफ्ना स्प्रिङ End of Course परीक्षाहरू अनलाइन मार्फत प्रबन्ध गर्ने विकल्प हुनेछ ।

तपाईंको विद्यार्थीलाई तयार गर्नको लागि उनीहरूलाई न्यून-तनावको अवस्थाहरूमा प्रत्येक दिन डिजिटल यन्त्रहरू प्रयोग गरी सुरु गर्न प्रोत्साहित गर्नुहोस् । आफ्नो विद्यार्थीलाई ल्यापटप, ट्याब्लेट वा डेस्कटप कम्प्युटरको प्रयोग कसरी गर्छन् भन्ने कुरा सिकाउनको लागि जाँच सुरु हुँदासम्म नपर्खिनुहोस् । गत वर्ष जस्तै, यो वर्षको फल पछि अभ्यासको लागि विद्यार्थी पोर्टल र अभ्यास जाँच उपलब्ध हुनेछ ।

हामीलाई थाहा छ कि टेनेसीका केही विद्यार्थीहरूका घरमा कम्प्युटर वा इन्टरनेटको पहुँच छैन । इन्टरनेटको पहुँच चुनौतीपूर्ण छ भने हामीले तपाईंलाई विद्यालय समय पछि कम्प्युटर चलाउन आफ्नो विद्यार्थीलाई अनुमति दिने विकल्पहरूको बारेमा आफ्नो विद्यालय प्रधानाध्यापकसँग कुरा गर्नको लागि प्रोत्साहित गर्छौं । तपाईंले सार्वजनिक पुस्तकालय, सामुदायिक केन्द्र र/वा पूजा गर्ने ठाउमा कम्प्युटर प्रयोगशालामा जान सक्नुहुन्छ ।

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 13 मा फेला पार्न सकिन्छ ।)*

## मेरो विद्यार्थीले TNReady कहिले दिनेछन्?

सबै TNReady मुल्याङ्कहरू वर्षको अन्त्यमा (वा ब्लक कार्यतालिकामा हाई स्कूल विद्यार्थीहरूको लागि सेमेस्टरको अन्त्यमा) प्रबन्ध गरिनेछ । सबै मूल्याङ्कनहरू अहिले नै एउटै प्रशासन सन्झ्यालमा लिइनेछ ।

**TNReady अप्रिल 17 देखि मे 5 को बीचमा प्रबन्ध गरिनेछ र विद्यालय क्रियाकलापहरूमा जाँचको प्रभावलाई घटाउन जिल्लाहरूसँग कार्यतालिका बनाउने लचकता छ ।** तुरुन्त लेखाइलाई समावेश गर्ने अङ्ग्रेजी भाषा कला मूल्याङ्नको पहिलो उपभाग तीन-हप्ते सन्झ्यालको पहिलो हप्तामाको अवधिमा प्रबन्ध गरिनेछ । फल ब्लक कार्यतालिकामा हाई स्कूलहरूले नोभेम्बर 28 र डिसेम्बर 16 बीच आफ्नो मूल्याङ्कन गर्नेछन् । फल ब्लकका विद्यार्थीहरूले कागज र पेन्सिल मार्फत जाँच दिनेछन् ।

सबैभन्दा महत्त्वपूर्ण संज्ञानात्मक असक्षमताहरू भएका विद्यार्थीहरूले MSAA (गणित तथा ELA) र TCAP वैकल्पिक (विज्ञान र सामाजिक अध्ययन) स्प्रिङमा दुई-महिनाको सन्झ्यालमा ठाउँ लिनेछन्।

## जाँचमा आउने सामग्रीको बुझाइ तथा पहुँचमा मेरो विद्यार्थीलाई मद्दत गर्न कस्ता जाँच सहायताहरू उपलब्ध गराइनेछ?

विगतमा जस्तै सहभागी हुनको लागि सबै विद्यार्थीहरूमा जाँच पहुँच योग्य बनाउनको लागि चाहिने पूर्ण सुविधा उपलब्ध गराइनेछ। उपयुक्त आपूर्तिहरू कसरी चयन गर्ने विषयमा IEP टोलीहरूले निर्देशिका उपलब्ध गराउनेछन्, जुन गत वर्षसँग समान हुनेछ ।

असक्षमताहरू भएका विद्यार्थीहरूका अभिभावकहरूको लागि, कृपया आपूर्तिमा पूरक निर्देशिकाको लागि तथा TNReady मा आफ्ना विद्यार्थीलाई तयारी गर्नको लागि TNReady.gov मा जानुहोस्।

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 14 मा फेला पार्न सकिन्छ)*

## TNReady मा मेरो विद्यार्थीले कति अंक हासिल गऱ्यो भनी मैले कहिले थाहा पाउने छु?

टेनेसीका शिक्षकहरू तथा विभागले समर अवधिमा अंक निर्धारण गर्ने प्रक्रिया पूरा गर्दा TNReady को पहिलो वर्षको नतिजाहरू आउनमा ढिलाइ हुनेछ, 3-8 ग्रेडहरूका विद्यार्थीहरूको कार्यकारी अंक 2017 को फलमा आउने अपेक्षा गर्छौं। End of Course परीक्षाहरूको लागि, विभागले परिवार तथा विद्यालयहरूलाई समर 2017 मा नतिजा उपलब्ध गराउने योजना बनाइरहेको छ। भविष्यको जाँच प्रबन्धको अवधिमा, विभागले 3-8 ग्रेडहरू र हाई स्कूलको नतिजाहरू एउटै समयरेखामा प्रकाशन गर्नेछ।

End of Course 2015-16 राज्य जाँचहरूका अंकहरू र कच्चा डेटालाई विभागले गत वर्ष उल्लेख गरे अनुसार यो फल पछि उपलब्ध गराइनेछ। End of Course परीक्षाहरू कला, गणित तथा U.S इतिहास र भूगोल अंग्रेजी भाषा दिने विद्यार्थीहरूले पूरा, भर्खरै पुन: डिजाइन गरिएको अंक प्रतिवेदनहरू प्राप्त गर्नेछन् जसले अभिभावक र विद्यार्थीहरूलाई उत्कृष्ट जानकारी उपलब्ध गराउनेछ। 3-8 ग्रेडहरूका नतिजाहरू थप सीमित कच्चा डेटा हुनेछन्—उदाहरणको लागि, विद्यार्थीले कतिवटा प्रश्नहरूको जवाफ सही दियो भन्ने कुरा साझा गर्न विभाग सक्षम हुनेछ तर उक्त अंकले विद्यार्थीको निपूणता तथा वृद्धि स्तरको सन्दर्भमा के अर्थ दिन्छ भन्ने कुरालाई साझा गर्न भने सक्दैन।

## TNReady को अंकहरूले मेरो बच्चाको अघिल्लो जाँचको अंकहरूलाई कसरी तुलना गर्छ?

विद्यार्थी तथा शिक्षकहरूमा नयाँ जाँचहरूसँगै नयाँ अपेक्षाहरू उठ्ने भएकोले हामीले भविष्यवाणी गर्न सक्छौं कि 3-8 ग्रेडहरूमा विद्यार्थीहरूको पहिलो वर्षको जाँच अंकहरू अघिल्लो TCAP मूल्याङ्कनसँग तुलना गर्दा घट्नेछ। TNReady को पहिलो वर्षको नतिजाहरूले आउने वर्षमा तीव्र प्रगति मापन गर्न नयाँ आधार रेखा तयार गर्छ भन्ने कुराको अपेक्षा गर्छौं। अभिभावकको रूपमा तपाईंले जाँचबाट आएको जानकारी घरमा आफ्ना बच्चालाई सहायता गर्न मद्दत गर्न तथा तपाईंको बच्चाको शिक्षकसँग अर्को विद्यालय वर्ष तथा हाई स्कूलभन्दा माथि सफलताको लागि आवश्यक शैक्षिक ज्ञान तथा सीपसँगै ग्रेड स्तरमा उनीहरूलाई सार्न निश्चित गर्न कुनै अतिरिक्त सहायता आवश्यक भएको खण्डमा छलफल सुरु गर्नको लागि प्रयोग गर्न सक्नुहुन्छ।

नयाँ अभिभावक प्रतिवेदनहरूले पहिले भन्दा थप र उत्कृष्ट जानकारी देखाउनेछ र अभिभावकहरूलाई अंक निर्धारण प्रक्रिया पूरा भएपछि दिइनेछ। 2015-16 विद्यालय वर्षको अवधिमा End of Course परीक्षाहरू दिइएका विद्यार्थीहरूको लागि, उनीहरूको अभिभावक तथा शिक्षकहरूले यी नयाँ प्रतिवेदनहरू यो फलपछि प्राप्त गर्नेछन्। प्रत्येक विषयलाई विद्यार्थीले कहाँ राम्रो गरिरहेका छन् वा कहाँ केही अतिरिक्त मद्दत आवश्यक छ र तिनीहरूका नतिजाहरूलाई उनीहरूका साथीहरूसँग

तिनीहरूका विद्यालय, डिस्ट्रिक्ट तथा टेनेसीमा कसरी तुलना गरिन्छ भन्ने कुरा देखाउनको लागि वर्गहरूमा टुक्रा पारिनेछ। अर्को पृष्ठमा TNReady को भर्खरै डिजाइन गरिएको अभिभावक प्रतिवेदनहरूको नमूना देखिनेछ।

*(नमूनाहरू डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 15 मा फेला पार्न सकिन्छ)*

(नमूनाहरूलाई अन्तिम संस्करणमा राखिनेछ)

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 16 मा फेला पार्न सकिन्छ)*

## TNReady अंकहरू कसरी निर्धारण गरिन्छ?

अंक निर्धारण गर्ने प्रक्रिया

- जिल्लाहरूको फिर्ता गर्ने सामग्रीहरू
- Questar ले सबै कागजातलाई मापन गर्छ
- सामाग्रीहरू हातद्वारा-अंक निर्धारण गरिएका हुन
- मानक सेटिङ संचालन गर्नुहोस्
- TVAAS डेटा उपलब्ध छ
- विद्यार्थीको प्रकासीत नतिजाहरू

मानक सेटिङ भनेको के हो?
वास्तविक विद्यार्थीको प्रदर्शनलाई निर्धारण गरिन्छ जहाँ कम जटिल देखि सबैभन्दा बढी जटिलसम्म प्रश्नहरू पर्छन्; त्यसकारण तपाईंले विद्यार्थीहरूले जाँच दिएपछि मात्र मानक सेटिङ गर्नसक्नुहुन्छ।

विद्यार्थीहरूले प्रत्येक स्तरमा के जान्नुपर्छ र के गर्न सक्षम हुनुपर्छ भन्ने विषयको व्यापक परिभाषाहरूमा आधारित रहेर टेनेसी शिक्षकहरूले प्रत्येक प्रश्नमा हेर्छन् र प्रत्येक स्तरको निपुणताको कट अंकलाई निर्धारण गर्छन्। यो प्रक्रियालाई मानक सेटिङ भनिन्छ।

कट अंक भनेको के हो?
कार्यसम्पादनले दुई स्तरहरू पूरा गर्छ भने त्यसलाई कट अंक भनिन्छ। तीनवटा कट अंकहरूले चार स्तरको कार्यसम्पादनलाई निर्धारण गर्छ।

कार्यसम्पादनको स्तर भनेको के हो?
कार्यसम्पादनको स्तर भनेको निश्चित कार्यसम्पादन स्तरमा सुविचारित हुनको लागि विद्यार्थीले हासिल गर्नुपर्ने न्यूनतम अंक हो।

कार्यसम्पादनको स्तर निपुणता जस्तै होइन; त्यसको सट्टा कार्यसम्पादनको स्तरहरू निपूणता निर्धारण गर्नको लागि प्रयोग गरिन्छन्।

*(यसलाई डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 17 मा फेला पार्न सकिन्छ)*

## नयाँ मापदणडले TNReady मा कसरी प्रभाव गर्छ?

टेनेसीका शिक्षकहरू तथा व्यापक शिक्षा समुदायले विगत केही वर्ष देखि गणित तथा अङ्ग्रेजी भाषा कलामा हाम्रो राज्यको शैक्षिक मापदणडलाई संशोधन गरिरहेको छ। नयाँ मापदणड 2017-18 विद्यालय वर्षको अवधिमा टेनेसी कक्षाकोठाहरूमा ट्रान्जिसनको लागि शिक्षकहरूलाई मद्दत गर्न 2016-17 को पाठ्यक्रममा माध्यम प्राप्त गर्ने प्रशिक्षण सहित पूर्ण रूपमा कार्यन्वयन

गरिनेछ । यद्यपि, 2016-17 TNReady जाँचहरू मापदणडमा पंक्तिबद्ध गरिन्छ र नयाँ मापदणडमा नभइ हाम्रा शिक्षकहरूले केही वर्ष देखि शिक्षण गर्दै आउनुभएको आधारमा हुनेछ ।

विज्ञान तथा सामाजिक अध्ययनका शैक्षिक मापदणड पनि समीक्षामा छन् । हालको कार्यतालिकामा, नयाँ विज्ञान मापदणड 2018-19 मा र सामाजिक अध्ययन 2019-20 मा कार्यन्वयनमा आउनेछन् । टेनेसी को एउटा विशिष्ट जाँच TNReady हो जुन नयाँ मापदणडलाई मापन गर्नको लागि समय अनुकूल सजिलै ग्रहण गर्न डिजाइन गरिएको छ । राज्यको मापदणड विकसित भए जस्तै TNReady पनि हुनेछ ।

## मसँग अझै जिज्ञासाहरू छन् भने के गर्ने?

हामीलाई थाहा छ कि विद्यालय वर्ष 2016-17 को TNReady को बारेमा तपाईंसँग अझैपनि जिज्ञासाहरू हुन सक्छन्, हामीले बारम्बार सोधिने प्रश्नहरूको खण्ड तयार पारेका छौं जसलाई TNReady.gov मा फेला पर्न सकिन्छ । तपाईंलाई आफूसँग अझैपनि जवाफ नपाएका जिज्ञासाहरू छन् भने तपाईंले बारम्बार सोधिने प्रश्नहरूको पृष्ठको तल्लो भागमा रहेको फाराममा जिज्ञासा पेश गर्न सक्नुहुन्छ । तपाईंको प्रश्न हामीसँग साझा गरिनेछ र विभागका कसैले तपाईंलाई इमेल प्रतिक्रिया र तपाईंलाई सहयोगी हुने कुनैपनि अतिरिक्त स्रोतहरू उपलब्ध गराउनेछ ।

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 18 मा फेला पार्न सकिन्छ ।)*

## TNReady को बारेमा जान्नुपर्ने पाँच कुराहरू

1. समग्रमा, विद्यार्थीहरूले यो वर्ष लगभग 30 प्रतिशत भन्दा कम समय गणित, सामाजिक शिक्षा, अङ्ग्रेजी भाषा कला र विज्ञानमा राज्य जाँचहरू लिएर खर्च गर्नेछन् ।

2. TNReady ले शिक्षकहरूले हरेक दिन के पढाइरहेका छन् भन्ने कुरासँग सम्बन्धित कठिन प्रश्नहरू समावेश गर्छ र विद्यार्थीको लेखन, आलोचनात्मक सोचाइ र समस्या समाधान गर्ने सीपहरूलाई मापन गर्छ ।

3. 3 देखि 8 सम्मका ग्रेडहरूको लागि, TNReady लाई प्रश्नपत्र र पेन्सिलको प्रबन्ध गरिनेछ र तिनीहरूलाई हाइ स्कूल मूल्याङ्कनको अनलाइन विकल्प उपलब्ध गराउन कार्य गरिरहेको छ ।

4. अप्रिल 17 र मे 5 को बीचमा तीन हप्ताको विन्डो अवधिमा जाँच प्रदान गरिनेछ ।

5. TNReady बाट आएको जानकारीले विद्यार्थीहरूको तिनीहरूको टिनेसीको वरिपरि रहेका साथीहरूको तुलनामा कसरी विकास भइरहेको छ भनी वृहत दृष्टिकोण र विद्यार्थीको सबलता, आवश्यकता र वृद्धिका क्षेत्रहरूको बारेमा अझ राम्रो जानकारी उपलब्ध गराउनेछ ।

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 19 मा फेला पार्न सकिन्छ ।)*

## TNReady को लागि आमाबुवा जाँच सूची

1. तपाईंको बच्चालाई सिक्नको लागि तयार रहन मद्दत गर्नुहोस्: तपाईंको बच्चा प्रत्येक दिन विद्यालय गइरहेको सही आराम गरेको र नयाँ चुनौतीहरूको सामना गर्न तयार रहेको सुनिश्चित गर्नुहोस् ।

2. तपाईंको बच्चाको शिक्षकसँग भेट्नुहोस्: तपाईंको बच्चाको सबलता र वृद्धिका क्षेत्रहरूको बारेमा र तपाईंले तिनीहरूलाई घरमा कसरी सहायता गर्न सक्नुहुन्छ भन्ने बारेमा सोध्नुहोस् ।

3. आफ्नो बच्चासँग कुरा गर्नुहोस्: तपाईंको बच्चाले कुन विषयमा अत्यधिक सहज महसुस गर्छन् र कहाँ तिनीहरू अत्यधिक चुनौतीपूर्ण छन् भन्ने बारेमा तिनीहरूबाट प्रतिक्रिया लिनुहोस् ।

4. आफ्नो बच्चालाई चुनौति दिनुहोस्: तपाईंको बच्चाले गृहकार्य गरिरहँदा वा कक्षा जाँचको लागि पढिरहँदा तिनीहरूले के सिकिरहेका छन् भनी व्याख्या गर्न भन्नुहोस् र तिनीहरूलाई शिक्षक बन्न दिनुहोस् ।

5. वयस्क सिकारू बन्नुहोस्: नयाँ जानकारी सिकेर होस् वा नयाँ सीपहरू सिकेर होस् तपाईंको बच्चालाई तपाईंले नयाँ कुराहरूको खोज गरिरहनुभएको र चुनौतीहरूको सामना गरिरहनुभएको हेर्न दिनुहोस् ।

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 20 मा फेला पार्न सकिन्छ ।)*

## शब्दावली

कट स्कोरहरू: निश्चित कार्यसम्पादन स्तरको रूपमा मान्नको लागि विद्यार्थीले हासिल गर्नुपर्ने न्यूनतम स्कोर

कार्यसम्पादन स्तर: दक्षता निर्धारण गर्न प्रयोग गरिने

अभ्यास जाँच: वास्तविक जाँचमा मूल्याङ्कन गरिने प्रत्येक स्तरीय वा शैक्षिक आशा प्रस्तुत गर्ने प्रश्नहरूको बैंक

प्रतिवेदन: हामीले विद्यार्थीको कार्यसम्पादनको बारेका विवरणहरू TCAP मा कसरी साझा गर्छौं

बस्ने समय: वास्तवमा जाँच दिँदा विद्यार्थीहरूले बिताउने समय

मानदण्डहरू: हामीले ग्रेड वा विद्यालय वर्षको अन्त्य सम्ममा विद्यार्थीहरूले के जानोस् र के गर्न सक्षम होस् भन्ने चाहन्छौं

मानदण्ड सेटिङ: टेनेसी शिक्षकहरूले प्रत्येक प्रश्नमा हेर्ने र प्रत्येक दक्षताको स्तरको बीचमा कट अफ निर्धारण गर्ने प्रक्रिया

TCAP: टेनेसी व्यापक मूल्याङ्कन कार्यक्रम (टेनेसी Comprehensive Assessment program) जसमा हाम्रा सबै राज्य जाँचहरू समावेश हुन्छन् । TNReady भनेको TCAP को एउटा भाग हो ।

परीक्षण सन्झ्याल: मितिहरूको सन्झ्याल जसमा TNReady लाई प्रबन्ध मिलाउन जिल्लाहरू छान्न सकिन्छ; वास्तवमा जाँच लिँदा परीक्षण सन्झ्यालको अंश मात्र खर्च गर्छ

TNReady: 3 देखि 11 सम्मका ग्रेडहरूमा गणित, अङ्ग्रेजी, भाषा कला, सामाजिक शिक्षा र विज्ञानका मुख्य राज्य जाँचहरू समावेश हुने तिनीहरूको शैक्षिक यात्रामा अर्को कदमको लागि ट्र्याकमा रहनको लागि विद्यार्थीहरूले के जान्न चाहन्छन् र के गर्नको लागि सक्षम छन् भनी देखाउने प्रश्नहरू सहितको नयाँ र अझ राम्रो राज्य जाँच

*(यो पाठ डिजाइन गरिएको प्रतिवेदनको पृष्ठ 21 मा फेला पार्न सकिन्छ ।)*

## श्रोत र साधनहरू

तपाईंको विद्यार्थीको शिक्षक TNReady बारेमा आउने प्रश्नहरूको लागि सधै उत्कृष्ट श्रोत र साधनहरू हुनुहुन्छ ।

TNReady को बारेमा तयारी गर्न र यसको बारेमा नवीनतम रहन निम्न वेबसाइटहरू सिफारिस गरिन्छ:

TNReady जानकारी र श्रोत र साधनहरूमा टेनेसी शिक्षा विभागको वेबसाइट:
www.tnready.gov

सबै विषय र ग्रेड स्तरहरूका लागि शैक्षिक मापदण्डहरूको बारेमा विवरणहरू सहित टेनेसी शिक्षा विभागको वेबसाइट :
www.tn.gov/education/topic/academic-standards

टेनेसी शिक्षा विभागको ब्लग साइटको जसले शिक्षकका दृष्टिकोणहरू र प्रेरणादायक कथाहरू प्रकट गर्छ:
www.tnclassroomchronicles.org

टेनेसी शिक्षा विभागको Twitter खाता: www.twitter.com/TNedu

टेनेसी शिक्षा विभागको Facebook खाता: www.facebook.com/टेनेसीEducation